# प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
## गण्डकी प्रदेश, पोखरा
(प्रशासन शाखा)

प.सं. २०७९/८०

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम

**सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को बुँदा नं. १० मा**
**<u>उल्लेख भएको सूचना अद्यावधिक गर्ने र ३/३ महिनामा प्रकाशन गर्ने सम्बन्धी सूचना</u>**

**१. प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखराको स्वरुप र प्रकृतिः**

प्रदेश सरकारको प्रदेश योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्न र नीतिको अनुसन्धान तथा विकास सम्बन्धी काम गर्ने ।

**२. प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकारः**

प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

- दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने
- अनुगमन तथा मूल्याङ्कन गर्ने
- तहगत समन्वय गर्ने
- अध्ययन अनुसन्धान तथा अन्वेषण गर्ने ।

**३. प्रदेश नीति तथा योजना आयोगमा कार्यरत कर्मचारी संख्या र कार्य विवरणः**

**<u>कर्मचारी संख्या</u>**

गण्डकी प्रदेश सरकारबाट स्वीकृत प्रदेश नीति तथा योजना आयोगको कुल दरबन्दी संख्या- २३ जना

हाल प्रदेश नीति तथा योजना आयोगमा विभिन्न पदमा कार्यरत कर्मचारी संख्या- १८ जना

**<u>कार्यरत कर्मचारी विवरण</u>**

| | |
|---|---|
| सचिव | -१जना |
| उपसचिव | -१ जना |
| १. प्रशासन शाखाः- | |
| अधिकृतस्तर छैंठौं | - १ जना |
| आर्थिक प्रशासन तर्फ अधिकृतस्तर छैंठौं | - १ जना |
| ना.सु. प्रशासन | - २ जना |
| कम्प्युटर अपरेटर सहायकस्तर पाँचौं | - १ जना |

प.सं. २०७९/८०

| | | |
|---|---|---|
| | ह.स.चा | - ४ जना |
| | का.स. | - ४ जना |
| २. | अनुसन्धान तथा तथ्याङ्क शाखाः- | |
| | तथ्याङ्क अधिकृत आठौं | -१ जना |
| | तथ्याङ्क अधिकृत | -१ जना |
| | कम्प्युटर अपरेटर सहायकस्तर पाँचौं | -१ जना |

४. **निकायबाट प्रदान गरिने सेवाः**

प्रदेश सरकारको प्रदेश योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने, नीतिको अनुसन्धान तथा विकास गर्ने, प्रदेशको आवधिक योजना तयार गर्ने, प्रदेश सरकारको नीति तथा कार्यक्रम तयार गर्ने, प्रदेश सरकारको बजेटको स्रोत सुनिश्चित गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, स्थानीय तहको आवधिक योजना निर्माणमा परामर्श तथा सहजीकरण लगायत अन्तरतह समन्वय गर्ने ।

५. **स्वीकृत दरबन्दी अनुसार सेवा प्रदान गर्ने चार शाखा र जिम्मेवार अधिकारी**

प्रशासन शाखाः- अधिकृतस्तर सातौं/आठौं (सामान्य प्रशासन)
आर्थिक तथा सामाजिक विकास शाखाः- अर्थशास्त्री (अधिकृतस्तर सातौं/आठौं)
पूर्वाधार विकास तथा अनुगमन शाखाः- अधिकृतस्तर सातौं/आठौं (सामान्य प्रशासन)
अनुसन्धान तथा तथ्याङ्क सम्बन्धी कामकाज :- तथ्याङ्क अधिकृत (अधिकृतस्तर सातौं/आठौं)

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

प्रदेश नीति तथा योजना आयोगबाट प्रदान गरिने कुनै पनि सेवा वापत कुनै शुल्क लाग्ने छैन र सेवा प्रवाह सेवाको प्रकृति हेरी तुरुन्तै वा तोकिएको समयावधिमा हुनेछ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

नीतिगत निर्णयहरु आयोगको पूर्ण बैठक र आयोगको नियमित बैठकबाट, प्रशासनिक निर्णय सदस्य-सचिवस्तरीय निर्णयबाट वा कार्यालय प्रमुखस्तरीय निर्णयबाट हुने र निर्णय गर्ने अधिकारी प्रशासनिक निर्णयको हकमा सदस्य-सचिव वा कार्यालय प्रमुख हुने ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारीः आयोगका उपसचिव

९. **आर्थिक वर्ष २०७९/८० माघ देखि चैत्रसम्म तीन महिनाको अवधिमा आयोगबाट सम्पादित मुख्य-मुख्य कामको विवरणः**

- मिति २०७९ माघ १६ गते प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७७, को प्रयोग सम्बन्धमा लमजुङ जिल्लाका स्थानीय तह र जिल्ला समन्वय समिति लमजुङका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- मिति २०७९ माघ २३ गते प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७७, को प्रयोग सम्बन्धमा स्याङ्जा जिल्लाका स्थानीय तह र जिल्ला समन्वय समिति स्याङ्जाका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य सम्बन्धी सार्वजनिक खर्चको खोजनीति सर्वेक्षण २०७९ सम्बन्धी अध्ययन सम्पन्न गरी प्रतिवेदन प्रकाशन गरेको।
- मिति २०७९ फागुन ५ गते छैटौं प्रदेश विकास समस्या समाधान समितिको वैठक सम्पन्न।
- मिति २०७९ फागुन १४ गते प्रदेश मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुखहरुलाई प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७७, को प्रयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- मिति २०७८/११/१५ र १६ गते मन्त्रालयका योजना तथा बजेट शाखामा कार्यरत कर्मचारीहरुलाई मध्यमकालीन खर्च संरचना तयारी प्रशिक्षण कार्यक्रम सम्पन्न।
- मिति २०७९ चैत्र ५ गते नवनिर्मित समीक्षालयको समुद्घाटन ।
- मिति २०७९ चैत्र १० गते प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७७, को प्रयोग सम्बन्धमा नवलपुर जिल्लाका स्थानीय तह र जिल्ला समन्वय समिति नवलपुरका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- मिति २०७९/१२/०३ गते दिगो विकास लक्ष्य समन्वय समितिको बैठक सम्पन्न।

**प्रदेश सरकार**

**प्रदेश नीति तथा योजना आयोग**

**गण्डकी प्रदेश, पोखरा**

(प्रशासन शाखा)


प.सं. २०७९/८०

- आयोगको २ वटा पूर्ण बैठक सम्पन्न। मिति २०७९/१२/०५ गते र मिति २०७९/१२/२० गते।
- आ.व. २०८०/८१ को बजेट तथा स्रोत समितिको प्रतिवेदन तयार गरी अर्थमन्त्रीज्यूलाई हस्तान्तरण।
- मिति २०७९/१२/२२ गते प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको बैठक माननीय उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेलज्यूको अध्यक्षतामा बसी मन्त्रालयहरुले फोकल पर्सन तोक्ने लगायत विविध निर्णय भएको।
- मिति २०७९ चैत्र २७ गते प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७७, को प्रयोग सम्बन्धमा मुस्ताङ जिल्लाका स्थानीय तह र जिल्ला समन्वय समिति मुस्ताङका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न । ।
- मन्त्रालयलाई आ.व. २०८०/८१ को कार्यक्रम तथा बजेट तर्जुमा निर्देशन सहित बजेटको सीमा तयारी र परिपत्र गरिएको।
- आयोगको ४ वटा नियमित बैठक सम्पन्न।
- मुख्यमन्त्री जलवायुमैत्री कृषि कार्यक्रमको जिल्लामा अनुगमन तथा मूल्याङ्कन।
- मिति २०७९/१२/२७ कालीगण्डकी करिडोर निर्माण सम्पन्न भएपछि मुस्ताङको आर्थिक विकासको एजेण्डा के हुन् भन्ने सम्बन्धमा मुस्ताङ जिल्लाका जनप्रतिनीधिसँग छलफल।
- पूर्व पश्चिम राजमार्गको नारायणगढ बुटवल खण्डको सुदृढीकरण पश्चात नवलपुर जिल्लालाई कसरी औधोगिक करिडोर बनाउने सम्बन्धमा नवलपुर जिल्लाका जनप्रतिनीधिसँग छलफल ।
- गोरखा जिल्लाको पालुङटार नगरपालिकाको च्याङ्लीमा नेपाल सरकारको सहयोगमा औधोगिक क्षेत्र बनाउने बारे प्रारम्भिक छलफल।
- "गण्डकी प्रदेशमा उर्जा र जलवायु परिवर्तनको अवस्था"को अध्ययन प्रतिवेदनलाई समीक्षा गरी आवश्यक परिमार्जनको लागि राय पेश।

**१०. प्रवक्ता, सूचना अधिकारी र प्रमुखको नाम र पद**

प्रवक्ता तथा सूचना अधिकारी : राम प्रसाद वाग्ले


फोनः- ०६१-४६४८४१, ईमेलः- pppcgandaki@gmail.com, Website:- ppc.gandaki.gov.np

प.सं. २०७९/८०

पदः- अधिकृतस्तर आठौं

कार्यालय प्रमुखः- ऋषिराम तिवारी

पदः- सचिव

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८

**२०७९ चैत्र मसान्तसम्मको खर्चको फाँटबारी**

**चालु तर्फः**

| अन्तिम बजेट कुल जम्मा (रु.मा) | चैत्र मसान्त सम्मको खर्च | बाँकी रहेको बजेट | पुस मसान्त सम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|
| ४११६२२६४।- | १६२७७९१८।- | २४८८४३४६।- | ३९.५४ |

**पुँजीगत तर्फः**

| अन्तिम बजेट कुल जम्मा (रु.मा) | पुस मसान्त सम्मको खर्च | बाँकी रहेको बजेट | पुस मसान्त सम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|
| ३६१८७३६।- | ९९९००८।- | २६१९७२८।- | २७.६ |

**१३. तोकिए बमोजिमका अन्य विवरणः**

तोकिए बमोजिमका अन्य विवरण प्रचलित कानून र प्रदेश सरकार गण्डकी प्रदेशले तोके बमोजिम हुने ।